<u>शहिद लखन गाउँ कार्यपालिकाको ९१ औं बैठक</u>

आज मिति २०८३।०२।११ गते, नेपाल संवत् ११४६ अनाध्य:नवमी, सोमबारका दिन शहिद लखन गाउँ कार्यपालिकाको ९१औं बैठक गाउँपालिकाका आदर्णीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णयहरु गरियो।

<u>उपस्थिति:</u>

| | | |
|---|---|---|
| १. श्री रमेश बाबु थापा मगर | अध्यक्ष | |
| २. श्री इन्दिरा तिवारी | उपाध्यक्ष | |
| ३. श्री बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. श्री प्रेम गुरुङ्ग | वडाध्यक्ष, वडा नं १ | |
| ५. श्री सकुन थापा मगर | वडाध्यक्ष, वडा नं २ | |
| ६. श्री दिपक पाण्डे | वडाध्यक्ष, वडा नं ३ | |
| ७. श्री यम बहादुर थापा | वडाध्यक्ष, वडा नं४ | |
| ८. श्री यम बहादुर राना | वडाध्यक्ष, वडा नं ५ | |
| ९. श्री दिलिप नारायण थापा | वडाध्यक्ष, वडा नं ६ | |
| १०. श्री शरण श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | |
| ११. श्री बासुदेव ढकाल | वडाध्यक्ष, वडा नं ८ | |
| १२. श्री राम कुमार श्रेष्ठ | वडाध्यक्ष, वडा नं ९ | |
| १३. श्री कृष्ण बहादुर प्रजा | कार्यपालिका अल्पसंख्यक सदस्य | |
| १४. श्री शोभा नेपाली | कार्यपालिका दलित महिला सदस्य | |

| | | |
|---|---|---|
| १५. श्री गिता परियार | कार्यपालिका महिला सदस्य | |
| १६. श्री लिना थापा | कार्यपालिका महिला सदस्य | |
| १७. श्री हस्त कुमारी गुरुङ्ग | कार्यपालिका महिला सदस्य | |
| १८. श्री विमला ढुंगाना अंगाई | कार्यपालिका महिला सदस्य | |
| १९. का.वं. वडा अध्यक्ष लाल बहादुर गुरुङ | का. वी. वडा अध्यक्ष वडा नं. १ | |
| २०. नुर बहादुर भण्डारी | का. गा. वडा अध्यक्ष | |
| २१. श्याम बहादुर खड्का | प्र.म. | |
| २२. अर्विन थापा | सू.प्र.अ. | |
| २३. विरेन्द्र श्रेष्ठ | लेखा शा.प्र. | |
| २४. पूर्ण ब. गाहतराज | स.प्र.अ. | |
| २५. निर्मला लामिछाने | का.स. | |
| २६. गोविन्द वन्चौधरी | -. | |
| २७. | | |
| २८. | | |
| २९. | | |

**प्रस्ताव नं. १: आ. व. २०८३।८४ को नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा।**

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व. २०८३।८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि विषयगत समितिहरुलाई आ-आफ्नो विषयगत समितिसँग सम्बन्धित विषयमा नीति तथा योजनाको मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन गरियो।

**प्रस्ताव नं. २: आवासीय विद्यालय कार्यविधि, २०८३ सम्बन्धमा।**

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाका अनाथ असहाय विपन्न सीमान्तकृत जेहनदार दलित लगायत समस्यामा रहेका विद्यार्थीलाई विद्यालय शिक्षामा पहुँच, विस्तार तथा सुनिश्चितताका लागि साथै शैक्षिक गुणस्तर सुधार गर्नका लागी गाउँपालिकाको केही विद्यालयलाई आवासीय विद्यालयको रुपमा विकास गर्नुपर्ने भएकाले आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३: लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।**

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा शहिद लखन गाउँपालिकाको आ.व. २०८१।८२ को महालेखा परीक्षकको अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा जानकारी गराइयो। उक्त प्रतिवेदनमा उल्लेख भएका बेरुजु तथा विगत आर्थिक वर्षहरूका बाँकी बेरुजुहरु फछ्र्यौट गर्न लेखा समिति, गाउँ कार्यपालिका तथा गाउँसभाबाट आवश्यक समन्वय, सहजीकरण गर्ने निर्णय गरियो। साथै सम्बन्धित शाखा तथा जिम्मेवार पदाधिकारीलाई आवश्यक कागजात तथा प्रमाण संकलन गरी बेरुजु फछ्र्यौट प्रक्रियालाई अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं. ४: कर्मचारी आचारसंहिता सम्बन्धमा।**

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई कार्यालयको कामकारबाहीलाई थप मर्यादित, जिम्मेवार, पारदर्शी तथा सेवामैत्री बनाउन तपसिल बमोजिमको कर्मचारी आचारसंहिता स्वीकृत गरी पूर्ण रूपमा पालना गराउने निर्णय गरियो।

**तपसिलः**

**शहिद लखन गाउँपालिकाको कर्मचारीको लागि आचारसंहिता**

१. आफ्नो पदीय जिम्मेवारी नागरिकको वृहत्तर हितलाई ध्यानमा राखी प्रचलित कानूनको अधीनमा रही गर्नुपर्नेछ,

२. सबैलाई सम्मानका साथ उचित र समान व्यवहार गर्ने र कसै प्रति हिंसा, दुर्व्यवहार वा अभद्र व्यवहार गर्नुहुँदैन,

३. कार्यालय समयमा कार्यालयसँग सम्बन्धित काम मात्र गर्नुपर्नेछ,

४. कार्यालयका सामान तथा सुविधाको दुरुपयोग गर्नुहुँदैन,

५. कर्मचारीले कार्यालय सम्बन्धी सूचनाको दुरुपयोग गर्नुहुँदैन,

६. आफ्नो सेवा प्रवाहमा निष्पक्षता कायम गर्नुपर्नेछ,

७. प्रचलित कानूनले अनुमति दिएकोमा बाहेक कुनै पनि व्यापार व्यवसाय गर्नुहुँदैन,

८. आफ्नो कार्यालयसँग सम्बन्धित कुनै काममा व्यक्तिगत स्वार्थ बाझिएमा कार्यालय प्रमुखलाई जानकारी गराउनुपर्नेछ,

९. कार्यालयमा रहँदा आफ्नो परिचयपत्र र पोसाक लगाउनुपर्नेछ,

१०. कार्यालय समयको पूर्ण पालना गरी नियमित रुपमा हाजिरी गर्नुपर्नेछ,

११. आफ्नो पदीय जिम्मेवारी पूरा गर्दा पूर्णरूपमा राजनीतिक तटस्थता कायम गर्नुपर्नेछ,
१२. आफ्नो कार्यालयबाट प्रदान गरिने सेवा सुविधा लगायतका विषयमा पारदर्शीता कायम गर्नुपर्नेछ,
१३. आफ्नो जिम्मेवारी सरल र सहज रुपमा सेवाग्राही तथा सेवाको प्राथमिकताका आधारमा समयमै पूरा गर्नुपर्दछ र सेवाग्राहीलाई अनावश्यक दुःख दिने वा ढिला-सुस्ती गर्ने कार्य गर्नु हुँदैन,
१४. आफ्नो कार्यालयको सेवा प्रवाहसँग सम्बन्धित गुनासो प्रति सधैं संवेदनशील रही कार्य शैलीमा सुधार गरी गुनासो सम्बोधन गर्न प्रयत्न गर्नुपर्छ,
१५. कम्तीमा पनि आफ्नो कामसँग सम्बन्धित सबै कानूनको जानकारी राख्नुपर्नेछ,
१६. आफ्नो पेशाको सम्मान गर्दै पेशालाई प्रतिष्ठा पूर्ण र मर्यादित बनाउनको लागि सदैव प्रयत्नशील रहनु पर्नेछ,
१७. सेवाग्राही वा सर्वसाधारण जनतामा कर्मचारी प्रति नकारात्मक भावना विकास हुने गरी कुनै कुरा व्यक्त गर्न वा कुनै सूचना प्रवाह गर्नुहुँदैन तथा सामाजिक सञ्जाल प्रयोग गर्दा गाउँपालिकाको प्रतिष्ठामा असर पर्ने गतिविधि नगर्ने,
१८. आफ्नो काम कारबाहीको साथसाथै आफ्नो पेशागत क्षमता विकासको लागि सदैव प्रयत्नशील रहनुपर्नेछ,
१९. आफूलाई सुम्पिएको जिम्मेवारी इमान्दारिताका साथ आफ्नो क्षमताले भ्याएसम्म गुणस्तरीय रुपमा सम्पन्न गर्नुपर्नेछ,
२०. सरकारी वा कार्यालयको कामको सम्बन्धमा आफूभन्दा माथिको कर्मचारीले दिएको निर्देशनलाई शीघ्रताका साथ पालना गर्नुपर्नेछ,
२१. आर्थिक अनुशासन र सदाचारिताको पालना गर्नुपर्नेछ। भ्रष्टाचारजन्य कार्य गर्नु हुँदैन,
२२. आफूभन्दा माथिका कर्मचारी प्रति उचित आदरभाव देखाउनु पर्दछ र आफू भन्दा मुनिका कर्मचारी प्रति उचित व्यवहार गर्नुपर्नेछ,
२३. कानूनी साथै सार्वजनिक, सामाजिक र नैतिक रुपमा गर्न नहुने कार्य गर्नुहुँदैन,
२४. सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्नेछ,
२५. समय समयमा कार्यालयले निर्धारण गरेका तथा प्रचलित कानूनले तोकेका अन्य आचरणहरूको पालना गर्नु कर्मचारीको कर्तव्य हुनेछ।

**प्रस्ताव नं. ५: व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा।**

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा हाल प्रचलनमा रहेको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधिमा समयानुकूल सुधार, व्यवस्थित तथा प्रभावकारी बनाउने लगायतका विषयमा संशोधन तथा परिमार्जन आवश्यक देखिएको हुँदा व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८० लाई प्रतिस्थापन गरी "व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३" छलफलका लागि बैठकमा पेश गरियो।

**प्रस्ताव नं. ६: योजना तथा कार्यक्रम अनुगमन प्रतिवेदन सम्बन्धमा।**

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत भएका तपसिलका योजना तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्थाबारे अनुगमन समितिका संयोजक तथा गाउँपालिका उपाध्यक्ष श्री इन्दिरा तिवारीज्यूले बैठकमा पेश गर्नु भयो। आगामी दिनहरूमा योजना कार्यान्वयन, अनुगमन, निरीक्षण तथा मूल्यांकनलाई थप प्रभावकारी बनाउने निर्णय गरियो। साथै अनुगमन सम्पन्न भई पेश भएका तपसिलका योजनाहरू सादर तथा भुक्तानी गर्न र यसअघि भुक्तानी भइसकेका योजनाहरू अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिल:</u>

तपसिलका योजनाहरुको सम्बन्धमा सुझाव कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

| क. सं. | योजनाको नाम | वडा नं. | नि. प्रकृया | लागत रु. | अनुगमन मिति | अनुमानित कार्य प्रगति (%) | अन्तिम समय अवधि | कामदार संख्या (जना) | अनुगमन टोली प्र. | सुधार गर्नु पर्ने पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | पन्ध्र शैयाको आधारभुत अस्पताल भवन निर्माण | ५ | ठेक्का | २०.१३ करोड | २०८३/१/१६ | २५ | २०८३ भाद्र | ८ | इन्दिरा तिवारी | * कामदार थप गर्नु पर्ने<br>* समयलाई ख्याल गर्नु पर्ने |
| २. | सिम्ले धुर्लेधारा खा.पा.यो. | ३ | उ.स. | २९.३३ लाख | २०८३/१/२३ | ९० | २०८३ अषाढ | ९ | इन्दिरा तिवारी | *समितिको नियमित बैठक बस्ने<br>*एक जना खा.पा. हेरालु राखे<br>*प्रति धारा खा.पा.शुल्क उठाउनु पर्ने |
| ३. | गंगा धर्म आ.वि. ट्रस निर्माण | ३ | ठेक्का | १४ लाख | २०८३/१/२३ | १०० | २०८३ अषाढ | ० | इन्दिरा तिवारी | * नवनिर्मित भवनको बालबालिका उक्लने भऱ्याङ्गमा वित्तिय स्रोत जुटाइ अनिवर्य रेलिङ्गबार लगाउनु पर्ने |
| ४ | लहरे दार्सिङ्ग मोटरबाटो स्तरोन्नती | ३ | उ.स. | ४ लाख | २०८३/१/२३ | १०० | २०८३ अषाढ | ० | इन्दिरा तिवारी | पानी बग्ने नालालाई व्यवस्थापन गर्नु पर्ने |

तपसिलका योजनाहरु भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | वडा नं. | नि. प्रकृया | भुक्तानी मिति | भुक्तानी रकम रु. | काम घटी/बढी |
|---|---|---|---|---|---|---|
| १. | मनकामना बजार क्षेत्रमा सिसिटिभि मर्मत तथा जडान | २र३ | क्षेत्र विकास समिति | २०८३/१/११ | ४८७०५०। | ० |
| २. | महेन्द्र शक्ति मा.वि. भवन मर्मत | १ | उ.स. | २०८३/१/२१ | ८७१२८। | घटी |
| ३. | मनकामना स्वास्थ्यचौकी शौचालय निर्माण | ३ | ठेक्का | २०८३/१/२४ | २७५०५९। | ० |
| ४. | लामिडाडा कार्तिके देवीथान सडक निर्माण | १ | उ.स. | २०८३/१/३० | १७६९९७। | घटी |

प्रस्ताव नं. ७: निजी वन दर्ता सम्बन्धमा।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा शहिद लखन गाउँपालिका वन ऐन,२०७७ को दफा ३६ बमोजिम पारिवारिक निजी वन दर्ताका लागि आवश्यक कागजात सहित निम्नानुसारका निवेदन प्राप्त भएकाले उक्त पारिवारिक निजी वन दर्ता गर्ने निर्णय गरियो।

निजी वनको विवरण :

**१.नामः श्री ललिता देवी श्रेष्ठ**

चार किल्ला : पूर्वः (कि.नं. ७६९) ईश्वर बाबु श्रेष्ठ
पश्चिमः(कि.नं. ७७१) राजु बाबु श्रेष्ठ
उत्तरः(कि.नं. ७६९) ईश्वर बाबु श्रेष्ठ
दक्षिणः(कि.नं. ११३५) सार्वजनिक (खोल्सी)

क्षेत्रफल : (कि.नं. ७७०) ९-८-३-२

वन पैदावारको प्रजाती : साल,चिलाउने,आपँ,कटुस,पडके,शिरिष,तिदु,खयर,बोटघयरो,क्यामुना

वन पैदावारको सङ्ख्या :२३४०,२१५,३,०,४,३४६,६,८७,१

जम्माः ३००२( रुख संख्या ,पोल संख्या ११२१,लाथ्रा संख्या १५८६, विरुवा संख्या ८४३८)

**२.नामः श्री ईश्वर बाबु श्रेष्ठ**

चार किल्ला : पूर्वः (कि.नं. ७६७) ईश्वर बाबु श्रेष्ठ
पश्चिमः(कि.नं. १३७६) राजु बाबु श्रेष्ठ
उत्तरः(कि.नं. ७८०) सार्वजनिक (खोल्सी)
दक्षिणः(कि.नं. ७६९) राजु बाबु श्रेष्ठ

क्षेत्रफल : (कि.नं. ७६८) ९-०-१-२

वन पैदावारको प्रजाती : साल,चिलाउने,आपँ,कटुस,पडके,शिरिष,तिदु,खयर,बोटघयरो,क्यामुना

वन पैदावारको सङ्ख्या :२४४८,२०१,३,०,१,३५१,८,९३,०

जम्माः ३१०५( रुख संख्या ४८,पोल संख्या २२६,लाथ्रा संख्या २९९, विरुवा संख्या २५३५)

**३.नामः श्री सीता राम श्रेष्ठ**

चार किल्ला : पूर्वः (कि.नं. ७७०) ललिता देवि श्रेष्ठ
पश्चिमः(कि.नं. ७५६) गौरी नारायण श्रेष्ठ
उत्तरः(कि.नं. १३७६) राजु बाबु श्रेष्ठ
दक्षिणः(कि.नं. १२३०) राना खोला घलेडाँडा सामुदायीक वन

क्षेत्रफल : (कि.नं. १३७७) ३३-१२-२-०

वन पैदावारको प्रजाती : साल,चिलाउने,आपँ,कटुस,पडके,शिरिष,तिदु,खयर,बोटघयरो,क्यामुना

वन पैदावारको सङ्ख्या :८५७३,७३६,११,२,३९१,१४४३,४,२७२,१४

जम्माः ११४४६( रुख संख्या ६३,पोल संख्या २३६,लाथ्रा संख्या ३४८, विरुवा संख्या २३५६)

**४.नामः श्री राजु बाबु श्रेष्ठ**

चार किल्ला : पूर्वः (कि.नं. ७७०,७६८) ललिता देवि श्रेष्ठ,ईश्वर बाबु श्रेष्ठ
पश्चिमः(कि.नं. १३७७,७५५) सिताराम श्रेष्ठ,इम कुमार श्रेष्ठ
उत्तरः(कि.नं. १३७६,७५९) राजु बाबु श्रेष्ठ,देउ कुमार श्रेष्ठ
दक्षिणः(कि.नं. ७८०,१३७७) ललिता देवी श्रेष्ठ,सिताराम श्रेष्ठ

क्षेत्रफल : (कि.नं. ७७१,१३७६) ४-१४-१-१,३३-१२-१-३

वन पैदावारको प्रजाती : साल,चिलाउने,आपँ,कटुस,पडके,शिरिष,तिदु,खयर,बोटघयरो,क्यामुना

वन पैदावारको सङ्ख्या :१००९७,६९२,१३६,१,२४९,१३६०,३००,१२,३१

जम्माः १२८७८( रुख संख्या ३२५,पोल संख्या १२४१,लाथ्रा संख्या १७१२, विरुवा संख्या ९५८२)